# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त विविधतामा एकता, सामाजिक, सांस्कृतिक सद्भावपूर्ण राष्ट्र हो। नेपालको भौगोलिक विविधता अनुसार कला संस्कृति र परम्पराहरुमा पनि बहुआयामिकता छ। हिन्दु, बौद्ध, इस्लाम तथा इसाई धर्मावलम्बीहरुबीच उच्चस्तरिय सहिष्णुता कायम छ। नेपालीहरुको आफ्नै चाडपर्वहरु मध्येको ईद पनि एक हो। ईद इस्लाम धर्मावलम्बी समुदायबीच मनाइने एउटा महत्वपूर्ण पर्व हो। ईद-उल-फित्रको यस सुखद् अवसरमा बागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण इस्लाम धर्मका अनुयायी दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति एवम् सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दै ईद मुवारक भन्न चाहन्छु।

हाम्रा धार्मिक आस्था र परम्पराहरूले एकता, भातृत्व र मेलमिलापको भावनालाई सुदृढ बनाइ सभ्य र समृद्ध समाज निर्माणमा टेवा पुऱ्याउँछन्। हामीले हाम्रो धार्मिक सहिष्णुता र धार्मिक सम्पन्नतालाई कायम राख्नुपर्दछ। समृद्ध समाज निर्माणमा यस पर्वले थप उर्जा दिने विश्वासका साथ पुनः एकपटक सबैमा इदको शुभकामना व्यक्त गर्दछु।

**२०८१ साल चैत्र १८ गते, सोमबार**
**ने. सं. ११४५ चौल्लाथ्व: द्वितीया**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**